बैठक संख्या १

आज मिति २०७९ साल श्रावण ३ गते मंगलबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | सुसिला |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | मोहन |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | अन्जु |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | केदार प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१. उज्वल लामा प्रशासन शाखा प्रमुख

२. सूर्य प्रसाद त्रिपाठी लेखा अधिकृत

३. माधव प्रसाद घिमिरे आन्तरिक लेखापाल

प्रस्तावहरु

१. आ.ब. २०७९।८० को बजेट तथा कार्यक्रम खर्च गर्ने अख्तियारी सम्बन्धमा ।

२. आ.ब. २०७९।८० मा संचालन हुने योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।

३. आ.ब. २०७९।८० मा संचालन हुने योजनाहरुको अनुगमन गर्ने सम्बन्धमा ।

४. विपद व्यवस्थापन कोष संचालन सम्बन्धमा ।

५. मासिक कार्यपालिका बैठक बस्ने सम्बन्धमा ।

६. विभिन्न पत्रपत्रिका, सूचनाहरुको विल भुक्तानी सम्बन्धमा ।

७. वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्ने कार्यसूची (ToR) स्वीकृती सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व. २०७९।८० को लागी मिति २०७९।०३।१५ मा भएको गाउँ सभाबाट स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ को उपदफा १ बमोजिम गाउँपालिकाका अध्यक्ष चन्द्र बहादुर तामाङज्यूबाट प्रमुख प्रशासकिय अधिकृत केदार प्रसाद ढकाललाई च.नं. २००४, मिति २०७८।०३।२४ मा प्रदान गरिएको आ.ब. २०७९/८० को खर्च गर्ने अख्तियारीलाई अनुमोदन गर्दै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ को उपदफा १ बमोजिम नै आर्थिक वर्ष २०७९।८० को गाउँसभाबाट स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम प्राप्त भएको अख्तियारी बमोजिम नियमानुसार कानून विपरित नहुने गरी कार्यान्वयन एवं खर्च गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन समेत दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम बार्षिक बजेट तथा कार्यक्रमको किताब तयारी गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा आ.व. २०७९।८० को बार्षिक बजेट तथा कार्यक्रमको किताब तयारी गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ४: प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०७९।८० को स्वीकृत बार्षिक कार्यक्रम मध्ये बन वातावरण भूसंरक्षण तथा विपद व्यवस्थापन अन्तर्गत विपद व्यवस्थापन कोषमा विनियोजित

रु ३०,००,०००।– खर्च गर्ने सम्बन्धमा सार्वजानिक खरिद ऐन, २०६३, सार्वाजानिक खरिद नियमावली, २०६४ एवं स्थानीय सरकार संचालन ऐन, २०७४ विपरित नहुने गरी जुनसुकै प्रकृतिको विपद आइपर्दा सम्बन्धित वडा कार्यालयहरुको सिफारिस बमोजिम गाउँपालिकामा कार्यरत प्राविधिकबाट लागत इष्टमेट गराई सोही बमोजिम गाउँपालिकाबाट नै कार्यान्वयन गर्ने गराइने सर्वसम्मत निर्णय गरियो । साथै २०८० सालमा वर्षातको कारणले क्षती भएको विवरण भए बमोजिम २०७९ सालमा भएको निर्णय बमोजिम नै गर्ने निर्णय गरियो ।

निर्णय नं ५: प्रस्ताव नं ५ माथि छलफल गर्दा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १७ उपदफा १ बमोजिम कार्यपालिकाको बैठक कम्तिमा महिनामा एक पटक बस्नेछ भन्ने प्रावधान बमोजिम आर्थिक वर्ष २०७९।८० देखि तेमाल गाउँ कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको ५ गते बस्ने र सो दिन सार्वजानिक विदा परेमा सो को भोलीपल्ट बैठक बस्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ६: प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानिय सरकार संचालन ऐन, २०७४ एवं प्रदेश सरकार बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७५ बमोजिम तेमाल गाउँपालिकाको एघारौं गाउँसभाले स्वीकृत गरेको विनियोजन ऐन, २०७९ बमोजिम स्वीकृत भएको खर्च शिर्षक सार्वाजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ विपरित नहुने गरि आ.व. २०७९।८० मा विभिन्न सन्देशमूलक जानकारी, छोटा छोटा विज्ञापनहरु लगायत विषयमा गाउँपालिकाबाट सूचीकृतको लागि सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ७: प्रस्ताव नं ७ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रदेश सरकार बागमती प्रदेशको गाउँ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७५ बमोजिम तेमाल गाउँपालिकाको एघारौं गाउँसभाले स्वीकृत गरेको विनियोजन ऐन, २०७९ बमोजिम स्वीकृत भएको खर्च शिर्षक नम्बर २२४१ सेवा र परामर्श कार्यक्रमबाट नदिजन्य पदार्थ संकलन कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्न गर्ने कार्यक्रम कार्यान्विनय गर्न तयार पारिएको कार्यसूची (ToR) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (वातावरण तथा विपद् व्यवस्थापन शाखा) सिहदरवार काठमाडौंको च.नं. ०८ मिति २०७७।०४।०९ को पत्रसाथ प्राप्त ढुंगा, गिट्टी तथा वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ खण्ड क बमोजिम देहाय बमोजिमको क्षेत्रका लागी वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्न तयार पारिएको कार्यसूची (ToR) स्वीकृत गरी सोही बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. सुनकोशी नदीको चुखाबेशी वगर क्षेत्र
ख. सुनकोशी नदीको चिउरीआप वगर क्षेत्र
ग. सुनकोशी नदीको व्लेन्दे वगर क्षेत्र

विविध :

क. विविध (क) माथी छलफल गर्दा यस तेमालमा १५ वेडको अस्पताल भवन निर्माण गर्नका लागी मिति २०७७ माघ ४ गते आइतवारका दिन गाउँकार्यपालिकाले गरेको निर्णय बमोजिम तेमाल गाउँपालिका वडा नं. ५ अन्तर्गत बुट्यान बाहेक कुनै पनि सार्वजानिक जग्गा नभएको हुदाँ वडा नं. ५ स्थित रोसाईवा (फालागा) मा रहेको अन्दाजी ५० रोपनी सार्वजानिक बुट्यान जग्गा मध्ये निर्देशिका बमोजिमको मापदण्ड अनुसार आवश्यक पर्ने जग्गामा भवन निर्माणको लागी DPR तयार गरिएको हुनाले उक्त स्थानको कित्ता नं. १३४ मा रहेको क्षेत्रफल ६४७-१४-२-२ मध्ये १४ रोपनी ७ आना तेमाल अस्पताल भवन निर्माणका लागी आवश्यकता भएक हुदाँ उक्त जग्गाको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीनि, २०७९ को दफा ४ को उपदफा २ (ग) सँग सम्बन्धित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुमातिको लागि सिफारिस गर्ने गरी निर्णय गरियो ।

ख. विविध (ख) माथी छलफल गर्दा मिति २०७९ श्रावण २ गतेका दिन राजश्व परामर्श समितिको बैठको निर्णय माथि छलफल गर्दा तेमाल गा.पा. र Simleswor Builders Kavresthali, kathmandu विच चिउरी आँप बगर क्षेत्रभित्र नदिजन्य पर्दाथ संकलन एवम् विक्रि कार्य (NCB/TRM/Kavre/IR/04/078-079 को निम्ति आ.व. २०७८।०७९ मा सम्झौता भएबमोजिम उक्त कम्पनिले दाखिला गर्नु पर्ने बाँकी किस्ता रु ८७०१००० (अक्षरुपी सत्तसी लाख एक हजार मात्र) कार्यसम्पादन जमानतबाट नियमानुसार जफत गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ग. विविध (ग) माथि छलफल गर्दा तेमाल गाउँपालिका अन्तर्गतका वडाहरुमा आवश्यकता अनुसार सवारी साधन वितरण गर्ने र आवश्यकता नभएको वडाहरुलाई नियमानुसार सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

घ. विविध (घ) माथि छलफल गर्दा बागमती प्रदेश सरकारद्वारा मिति २०७८।१२।२४ मा प्रकाशित स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको दफा ६ (१) बमोजिम लोकसेवा आयोगको प.सं. २०७६।७७, च.नं. ८१ मिति २०७६।११।०५ को पत्रानुसार छैठौं तहमा सिफारिस भई सोही तहमा बाहाल रहेको श्री राम प्रसाद पौडेलको आवश्यक न्यूनतम योग्यतम योग्यता पुगेकोले अध्यादेश बमोजिम नियमानुसार सातौं तह कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

## बैठक संख्या २

आज मिति २०७९ साल भाद्र ५ गते आइतबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | केदार प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१. उज्वल लामा प्रशासन शाखा

२. सूर्य प्रसाद त्रिपाठी लेखा अधिकृत

३. माधव प्रसाद घिमिरे आन्तरिक लेखापाल

प्रस्तावहरु

१. आ.ब. २०७९।८० मा संचालन हुने योजनाहरुको कार्यान्वयन सम्बन्धमा ।
२. आ.ब. २०७९।८० मा संचालन हुने योजनाहरुको अनुगमन गर्ने सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम मध्ये पूर्वाधार विकास एवं निर्माण कार्यसंग सम्बन्धित गाउँपालिकास्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरु स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ एवं तेमाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुने गरी मिति २०७९ असोज १ गतेबाट सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो । यसको जानकारी सात दिन भित्र सवै विषयगत शाखा, ९ वटै वडा कार्यालयमा गराउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन समेत दिने निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा आ.व. २०७९।८० को लागि मिति २०७९।०३।१५ मा भएको गाउँ सभाबाट स्वीकृत गाउँपालिकास्तरीय र वडास्तरीय सम्पूर्ण योजनाहरुको योजना सम्पन्न भए पश्चात वडास्तरीय रु ५ लाखसम्मको सम्बन्धित वडा समितिबाट एवं रु ५ लाख भन्दा माथीको र गाउँपालिकास्तरीय सवै योजनाहरु उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको एक अनुगमन समिति गठन गरी नियमानुसार अनुगमन कार्य गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | उपाध्यक्ष, श्री दलमान थोकर | -संयोजक |
| २ | पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| ३ | सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| ४ | कार्यपालिका सदस्य, श्री छ्योइसाङ तामाङ | -सदस्य |
| ५ | समबन्धित योजना हेर्ने प्राविधिक | -सदस्य |

विविधः

विविध (क) माथि छलफल गर्दा गाउँपालिकाबाट सम्पादन भएका कार्यको जानकारी दिन तथा कार्यपालिकाको निर्णय तथा कार्यान्वयनको आधिरकारिक जानकारी दिन कार्यपालिका सदस्य श्री इन्द्र लाल तामाङ लाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

विविध (ख) माथि छलफल गर्दा गाउँपालिकाको सञ्चालनकालागि ऐन, कार्यविधी तथा नियमावली निर्माणमा सहयोग तथा गाउँपालिकाको कानूनी सम्बन्धी समस्याहरुको समाधानका लागि सल्लाह सुझावका लागि महिनाको २० हजार दिने गरी महिनामा ३ दिन यस कार्यालयग्ग हाजिरी हुने गरि कानूनी विद श्री देव कुमार मोक्तान लाई कानूनी सल्लाहकारमा नियुक्ति गर्ने निर्णय गरियो ।

विविध (ग) माथि छलफल गर्दा तेमाल गाउँपालिका भित्र भएका अनियमित कार्यको छनविन गर्नका देहायका बमोजिम छनविन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री हजार सिं लामा तामाङ | संयोजक |
| श्री इन्द्र बहादुर अधिकारी | सदस्य |
| श्री विष्णु बहादुर तामाङ | सदस्य |
| श्री केशव रसाइली | सदस्य |
| श्री छ्योइसाङ तामाङ | सदस्य |

विविध (घ) माथि छलफल गर्दा मिति २०७९।०४।३ गते तेमाल गाउँपालिका गाउँशिक्षा समितिको बैठकबाट भएका निर्णयहरु शिक्षा समितिको सदस्य चयन तथा श्री सर्वोद्धार मा.वि. बाट यस कार्यालयको शिक्षा शाखामा काजमा राखिएका शिक्षक श्री भिम लाल तामाङलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

<u>बैठक संख्या ३</u>

आज मिति २०७९ साल असोज ५ गते बुधबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | केदार प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१. उज्वल लामा प्रशासन शाखा

२. सूर्य प्रसाद त्रिपाठी लेखा अधिकृत

३. माधव प्रसाद घिमिरे आन्तरिक लेखापाल

प्रस्तावहरु

१. वडा दशै एवं शुभ दिपावलीको शुभकमना सम्बन्धमा ।

२. राहत वितरण सम्बन्धमा ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ पारित सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा २०७९ सालको बडा दशै, शुभ दिपावली, छट एवं आउदै गरेका नेपाली महान चाडहरुको सुखद उपलक्ष्यमा तेमाल गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, तेमाल गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, तेमाल गाउँपालिकाका सम्पूर्ण शिक्षकहरु एवं विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, संघसंस्थाका प्रतिनिधिज्यूहरु एवं स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण तेमालबासी आमावुवा, दाजुभाई तथा दिदिबहिनीहरु लगायत सम्मूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा तेमाल गाउँपालिका भित्र स्थायी बसोबास गरेको विपद्मा पारेका व्यक्तिहरुका लागि तेमाल गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट राहत स्वरुप तेमाल गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ अनुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सुशान केन्द्र, बागमती प्रदेश जवालखेल ललितपुरका स्वतन्त्र विज्ञ सञ्जु के.सी. र जानकी कुँवर (राठी) ज्यूले पेश गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तेमाल गाउँपालिका, काभ्रे २०७९ पारित गरि गाउँपालिकाको आधिकारीक वेवसाइबाट प्रकाशित गर्ने निर्णय गरियो ।

विविध :

क. विविध (क) माथी छलफल गर्दा यस तेमाल गाउँपालिका र गाउँपालिका अन्तर्गतका क्षेत्रहरुमा नेपाल दूरसञ्चार प्राधिकारणको टावरको समास्याका कारण गाउँपालिकाको आन्तरिक सञ्चारमा समास्या भएको कारण गाउँपालिकाको आन्तरिक सञ्चारलाइ प्रभावकारी बनाउनका लागि नेपाल सरकारको सम्बन्धित सरकारवालासँग अनुमति लिई ओकेटोके सञ्चालनमा ल्याउने निर्णय गरियो ।

ख. विविध (ख) माथी छलफल गर्दा तेमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत उज्वल लामाले जनप्रतिनिधि तथा कर्मचारीहरु वीच संचारको माध्यमलाई बलियो बनाउन, तेमाल गाउपालिका र वडा कार्यालयहरुबाट भएको कार्यहरुलाई सूचना प्रविधि मैत्री बनाउन र विभिन्न मन्त्रालय, संघसंस्थाहरुबाट आएको इमेलहरुलाई समयमै रिप्लाई पठाउन संचार खर्चबापत रकम उपलव्ध गराई पाउँ भनि निवेदन दिएकोले निजलाई निजले तोके बमोजिमको कार्य सम्पन्न गर्ने गरि मिति २०७९।०४।०१ देखि लागू हुने गरी मासिक रु ३०००।– रुपैया दिने निर्णय गरियो ।

## बैठक संख्या ४

आज मिति २०७९ साल पौष ५ गते मंगलबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | केदार प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित

१. उज्वल लामा प्रशासन शाखा

२.

३.

प्रस्तावहरु

१ आ.ब. २०७९।८० मा विनियोजन गरिएको योजनाहरुमा छलफल सम्बन्धमा ।
२ रोजगार सेवा केन्द्रको बजेट बाँडफाँड सम्बन्धमा।
३ उपभोक्त समिति दर्ता सम्बन्धमा ।
४ आवश्यक कार्यविधि पारित सम्बन्धमा ।
५ मध्यकालीन खर्च संरचना निर्माण सम्बन्धमा ।
६ विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम मध्ये पूर्वाधार विकास एवं निर्माण कार्यसंग सम्बन्धित गाउँपालिकास्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरु स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ एवं तेमाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुने गरी मिति २०७९ पौष मसान्तसम्ममा अनिवार्य रुपमा सम्झौता गरिसक्ने र सो बमोजिम २०८० बैशाख मसान्त भित्र अनिवार्य रुपमा कार्यसम्पन्न गरिसक्नुपर्ने एवं कार्यसम्पन्न भईसकेपछि सो को भुक्तानी २०८० जठ मसान्त भित्र लिईसक्नुपर्नेछ अन्यथा तेमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय जवाफदेही नहुने सर्वसम्मत निर्णय गरियो । यसको जानकारी सात दिन भित्र सवै विषयगत शाखा, नौ वटै वडा कार्यालयमा गराउन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन समेत दिने निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा श्रम, रोगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त बजेट श्रम, रोगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ११, मिति २०७९।०४।०५ गतेको प्राप्त पत्रानुसार तपशिल बमोजिम बाँडफाँड गर्ने निर्णय गरियो ।

युवा रोजगारको रुपान्तरण

| वडा नं | बेरोजगारीको संख्या | संख्या | रकम |
|---|---|---|---|
| १ | ३३ | ४ | २५६००० |
| २ | १७४ | ६ | 38[illegible]000 |
| ३ | ८८ | ४ | २५६००० |
| ४ | २०४ | ६ | 331000 |

| | | | |
|---|---|---|---|
| ५ | २६ | ४ | २५६००० |
| ६ | ९५ | ४ | २५६००० |
| ७ | ६२ | ४ | २५६००० |
| ८ | ५० | ४ | २५६००० |
| ९ | ६५ | ४ | २५६००० |
| | ७९७ | ४० | २५०७००० |

नेपाल सरकार

| वडा नं | बेरोजगारीको संख्या | | रकम |
|---|---|---|---|
| १ | ३३ | | 190158 |
| २ | १७४ | | 487000 |
| ३ | ८८ | | 334679 |
| ४ | २०४ | | 600000 |
| ५ | २६ | | 165000 |
| ६ | ९५ | | 419300 |
| ७ | ६२ | | 235796 |
| ८ | ५० | | 200000 |
| ९ | ६५ | | 247000 |
| | ७९७ | ० | 2878933 |

निर्णय नं ३: प्रस्ताव नं ३ माथि छलफल गर्दा तेमाल गाउँपालिकाको संस्था दर्ता ऐन २०७७ को अधिनमा रही तेमाल गाउँपालिका उपभोक्त समिति कार्यविधि २०७९ स्वीकृत गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं ४: प्रस्ताव नं ४ माथि छलफल गर्दा तेमाल गाउँपालिकाबाट प्रकाशित गरिएको ऐन कानून संशोधन तथा नयाँ ऐन कानून निर्माण गरी हिउँदे गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५: प्रस्ताव नं ५ माथि छलफल गर्दा तेमाल गाउँपालिकाको दिगो विकासका लागि मध्यकालीन खर्च संरचना निर्माण गर्ने निर्णय गरियो ।

विविध:

क. विविध क माथि छलफल गर्दा तपशिल बमोजिमका पत्रपत्रिकाहरुलाई गाउँपालिकाको अभिलेखमा सूचिकृत गर्ने निर्णय गरियो ।

तपशिल

१. रेडियो रोशी
२. रेडियो नमोबुद्ध
३. तेमाल अनलाइन
४. दर्पण दैनिक
५. सारा खबर
६. वेष्ट एफ.एम.
७. उज्यलो नेटवर्क

ख. विविध ख माथि छलफल गर्दा तेमाल गाउँपालिका वडा नं. २ र ५ को वडा कार्यालय भवन निर्माण, वडा नं. ६ स्थित पञ्चकान्या मा.वि.मा टेको पर्खाल निर्माण, वडा नं. ३ मा चेप्टेढुंगा थर्पाछ्योईलिङ गुम्बा निर्माण र वडा नं. ७ स्थित भुमेश्वर आ.वि. मा ट्रस निर्माणको निम्ति बजेट आ.व. २०७९।०८० गाउँपालिकाबाट बजेट विनियोजन भएकोमा श्री जिल्ला समन्वय समितिको कार्यालय समक्ष नियमानुसार साझेदारी वजेट विनियोजनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

ग. विविध ग माथि छलफल गर्दा यस तेमाल गाउँपालिका वडा नं. ८ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री सुसन तामाङको २०७८।१०।०१ गतेका दिन देखि ब्रेन ट्युमरेज भएकोले नेपालको उपेन्द्र देवकोटा न्यूरो हस्पिटल देखि इन्डियको चन्डिगार स्थित पिजि आई हस्पिटलमा समेत लागेर उपचारमा आर्थिक भार भएको हुदाँ उक्त कार्यालय सहयोगीलाई सहयोग स्वरुप आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

## बैठक संख्या ६

आज मिति २०७९ साल माघ ५ गते बिहिबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छ्योइसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | केदार प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१.

२.

३.

प्रस्तावहरु

१. हिउँदे अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

२. करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।

३. तेमाल गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा ।

४. ल्होछार विदा दिने सम्बन्धमा ।

५. नमुना स्थानीय तह अध्ययन अवलोकन भ्रमण गर्ने सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा हिउँदे अधिवेशनको तयारी गाउँकार्यपालिकाको वैठम मिति २०७९ माघ २२ गते बस्ने र हिउँदे अधिवेशन मिति २०७९ माघ २५ गते गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा तेमाल गाउँपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको म्याद थपका लागि अर्को कार्यपालिका बैठमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा तेमाल गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत आजको कार्यपालिका वैठकबाट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तेमाल**

**गाउँपालिका**

**खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मितिः

प्रस्तावना :

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सू-संस्कृत समाजको निर्माण गर्न स्वास्थ, प्रतिस्पर्धाको भावना जागृत, परिश्रम र परिवर्तन प्रति सचेत रही स्वस्थ एवम् अनुशासित नागरिक पहिचान वनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलाडीहरु उत्पादन गर्ने खेलकुदको क्षेत्रलाई विकास गर्न वाञ्छनी भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी तेमाल गाउँपालिका **"गाउँ खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि २०७९"** रहनेछ ।

**परिच्छेद - १**

**नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम " तेमाल गाउँपालिकाखेलकुद विकास समिति गठन तथा क्रियाकलाप

प्रस्तावहरु

१. हिउँदे अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।
२. करार कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा ।
३. तेमाल गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा ।
४. ल्होछार विदा दिने सम्बन्धमा ।
५. नमुना स्थानीय तह अध्ययन अवलोकन भ्रमण गर्ने सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं. १ माथी छलफल गर्दा हिउँदे अधिवेशनको तयारी गाउँकार्यपालिकाको बैठम मिति २०७९ माघ २२ गते बस्ने र हिउँदे अधिवेशन मिति २०७९ माघ २५ गते गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा तेमाल गाउँपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको म्याद थपका लागि अर्को कार्यपालिका बैठमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा तेमाल गाउँपालिका खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत आजको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तेमाल**

**गाउँपालिका**

**खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मितिः

प्रस्तावना :

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी सू-संस्कृत समाजको निर्माण गर्न स्वास्थ, प्रतिस्पर्धाको भावना जागृत, परिश्रम र परिवर्तन प्रति सचेत रही स्वस्थ एवम् अनुशासित नागरिक पहिचान वनाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलाडीहरु उत्पादन गर्ने खेलकुदको क्षेत्रलाई विकास गर्न वाञ्छनी भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी तेमाल गाउँपालिका **"गाउँ खेलकुद विकास समिति गठन तथा क्रियाकलाप सञ्चालन सम्बन्धी कार्यविधि २०७९"** रहनेछ ।

**परिच्छेद - १**

**नाम र परिभाषा**

**१. संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम " तेमाल गाउँपालिकाखेलकुद विकास समिति गठन तथा क्रियाकलाप

संचालन सम्बन्धी कार्यविधि, २०७९" रहने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कार्यविधि" भन्नाले " तेमाल गाउँपालिका, गाउँ खेलकुद विकास समिति गठन एवं क्रियाकलाप संचालन सम्बन्धि कार्यविधि, २०७९" भन्ने सम्झनुपर्छ ।

ख) "पालिका खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिमको गठित गाउँ खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ ।

ग) "टिम, क्लब, संघ, संस्था" भन्नाले तेमाल गाउँपालिकामा तोकिए बमोजिम दर्ता भएका तेमाल पालिका क्षेत्र

भित्रका टिम, क्लब र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

घ) "खेलाडी" भन्नाले टिम, क्लब, संस संस्थासंग सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

ङ) "प्रशिक्षार्थी" भन्नाले पालिका खेलकुद विकास समिति द्वारा संचालित खेलकुद प्रशिक्षकमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा सम्वद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ

च) "प्रशिक्षक" भन्नाले तेमाल पालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम, क्लब, संघसंस्था खेलकुद प्रशिक्षण समितिमा सम्वद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ ।

छ) "पालिका" भन्नाले तेमाल गाउँपालिकालाई सम्झनु पर्छ ।

ज) "कार्यपालिका" भन्नाले तेमाल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

झ) "अध्यक्ष" भन्नाले तेमाल गाउँपालिकाको गाउँपालिका अध्यक्षलाइ सम्झनु पर्छ ।

ञ) "उपाध्यक्ष" भन्नाले तेमाल गाउँपालिकाको उपाध्यलाई सम्झनुपर्छ ।

ट) "अधिकृत" भन्नाले तेमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृतलाई सम्झनु पर्छ।

ठ) " पदाधिकारी सदस्य " भन्नाले तेमाल गाउँपालिकाको गाउँ खेलकुद विकास समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ ।

## परिच्छेद -२

### ३. गाउँ खेलकुद विकास समिति उद्देश्यहरु :

क) तेमाल गाउँपालिकाभित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन

गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा वढाउने ।

ख) टिम, क्लब, संघसंस्था, विपयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने ।

ग) गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुका खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने

घ) पालिका खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

ङ) खेलकुदको माध्यमबाट गाउँवासीहरुलाई नागरिक भावना प्रति सचेत गारउने ।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

ज) खेलकुद गतिविधीहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिजीहरुलाई समेत शारीरिक व्यायाम गर्न सहयोग पुर्‍याउने ।

ञ) पालिकाको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्‍याउने ।

ट) पालिकाभित्र खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा सम्वद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

ठ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिक जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

ड) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

## परिच्छेद -३

## पालिका खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रम

४. (१) उपाध्यक्षको नेतृत्वमा खेलकुदको क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येबाट गाउँकार्यपालिकाले देहाय वमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा गाउँ खेलकुद समिति गठन गर्नेछ ।

क) उल्लेखित सदस्यहरु मध्ये उपाध्यक्ष वा निजले मनोनित गरेका - १ जना (अध्यक्ष)

ख) गाउँपालिका अध्यक्षले तोकेको वा निजले मनोनित गरेको एक महिला दलित सदस्य सहित

- सदस्य ४ जना

ग) गाउँ कार्यपालिकाले तोकेको - सदस्य ३ जना

घ) जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको एक प्रतिनिधि -सदस्य १ जना

ङ) पालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य १ जना

च) गाउँपालिकामा कार्यरत शिक्षा शाखाको कर्मचारी मध्ये - सदस्य सचिव १ जना

(२) उल्लेखि सदस्यहरु मध्येवाट पालिका खेलकुद विकास समितिले उपाध्यक्ष मनोनित गर्नु पर्ने छ ।

५. पालिका खेलकुद विकास समितिको पदावधि भएका मितिले ५ वर्षको हुनेछ । सदस्य सचिव गटन । हकमा निर्णयहरु पलिकाको निर्णय अनुसार हुनेछ,

६) अध्यक्षले कुनै कारणले पदवाट राजिनामा दिन चाहेमा गाउँपालिका अध्यक्ष समक्ष र सदस्यले खेलकुद विकास समिति अध्यक्ष समक्ष राजीनामा दिनु पर्नेछ

७ ) पदावधि वाकी हुदा बखत कुनै कारणवाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ती भएको हो सो पद वाँकी अवधिका लागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुनेछ ।

(८) समितिको कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि गाउँ कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन वा फिर्तावोलाउन सक्नेछ । साथै त्यसरी भएको पदमा वाँकी अवधिका जुन प्रकारले नियुक्ति भएको छ सोही प्रकारले नयाँ नियुक्ति गर्न सक्नेछ तर हटाउन वा फिर्ता बोलाउने सदस्यलाई एक पटक सफाइको मौका दिइनेछ ।

९) समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहाय वमोजिम योग्यता पुगेको हुनुपर्ने छ ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक ।

ख) पालिका क्षेत्रभित्रको स्थायी वासिन्दा ( सदस्य वाहेक) भएको ।

ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको ।

घ) प्रचलित कानुनले अयोग्य नभएको ।

१०. अध्यक्षको काम, कर्तव्य र अधिकार :

क) पालिका खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग) जिल्ला, स्थानीय / प्रदेश राष्ट्रिय / अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा गाउँपालिका प्रतिनिधित्व गर्ने ।

घ) पालिका खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा गाउँपालिकामा गर्नु पर्ने सम्पूण सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने / ग्राउने ।

११. सदस्य सचिवको काम, कर्तव्य र

अधिकार :

क) खेलकुद समिति/संस्था दर्ता अनुसूची २ अनुसार प्रमाण पत्र

ख) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

ग) समितिलाई नितिगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

घ) समितिको निर्णय कार्यान्वयन गर्ने

।

ङ) निर्णयानुसार कोषको खर्च खाता सञ्चालन गर्ने

। प्रदान गर्ने ।

च) बैठकका लागि पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशा बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने ।

छ) बैठक निर्णय लेखन र बैठक सञ्चालन सम्वन्धी आवश्यक काम गर्ने ।

ज) खर्चमा मित्तव्यायीता अपनाउने र नियन्त्रण कायम गर्ने

।

१२. समितिको काम, कर्तव्य र

अधिकार :

क) अनुसूची १ अनुसार खेलकुद सदस्य दर्ताका लागि आएका निवेदन किनाराका लागि निर्णय गर्ने ।

ख) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्वर्द्धन गर्ने ।

ग) गाउँपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

घ) तोकिएको अनुसूचीमा खेलकुद समिति तथा संस्था गठनमा प्रोत्साहन गर्ने ।

ङ) सम्वद्ध कार्यका लागि वार्षिक योजना तयार गरी नगर सभाको बैठक अगाडी प्रमुख समक्ष पेश गर्ने ।

च) गाउँपालिका वा गाउँ सभाले स्वीकृत गरेको कार्यक्रमहरु संचालन गर्ने गराउने ।

छ) खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

ज) खेलाडी, प्रशिक्षक, निर्णायाकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने ।

झ) खेल विपयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप संचाल गराउने

।

ञ) खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलार्य सम्मानित, पुरस्कृत गर्न सिफारीस गर्ने र समितिले सम्मान पुरस्कृत गर्ने ।

ट) तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठिको आयोजना गर्ने ।

ठ) खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापनहरु बारेमा कृति प्रकाशन गर्ने ।

ड) खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल, खेल मैदान, खेलाडी उत्पादन, प्रशिक्ष तथा निर्णाय व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई गाउँपालिकामा पेश गर्ने ।

ढ) वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

ण) सम्वन्धित क्षेत्रको अन्य विविध कार्यहरु गर्ने गराउने ।

## परिच्छद-४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

गाउँ खेलकुद विकास समिति आफैले वा गाउँपालिकाले दर्ता भएका टिम, क्लवहरु मर्फत विभिन् खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१४) पालिका खेलकुद विकास समिति आफैले वा पालिकाभित्र टिम, क्लवहरु मर्फत स्थानयि / प्रदेश राष्ट्रिय अन्तराष्ट्रिय टीमसँगै मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

**१५) सल्लाहकार समिति गठन** : पालिका खेलकुद विकास समितिले पालिका प्रमुख सँगको परामर्श आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

१५) अन्य उपसमितिको गठन : पालिका खेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम संचालन गर्न कुनै खेल विशेषलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

**१७ ) वडा स्तरीय खेलकुद समिति गठन गर्ने** : नगर खेलकुद समितिले गा.पा. भित्रका सबै वडाहरू खेलकुद विकास गर्नका लागि ५ सदस्य तपशिल अनुसारको वडा स्तरीय खेलकुद समिति गठन ग सक्नेछ ।

| | |
|---|---|
| क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकिएको सदस्य | - अधयक्ष |
| ख) वडा कार्यापालिकाले तोकिएको एक जना महिला सहित | -३ जना |
| ग) स्थानीय खेलप्रेमी/प्रशिक्षक | - १ जना |
| घ) वडा भित्रको माथिल्लो तह सञ्चालित विद्यालय प्र.अ./ प्र.अ. प्रतिनिधी | - १ जना |

सदस्य सचिव

## परिच्छेद -५

## पालिका क्षेत्रभित्रका टीम, क्लब र संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१८) तेमाल गाउँपालिकाभित्रका टीम, क्लब र समिति र संस्था आदिले पालिका खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न गाउँपालिकाले तोकेका दस्त बुझाई दर्ता पनि गर्नु पर्नेछ ।

१९) दर्ता भएका टीम, क्लब, जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी पालिका खेलकुद विकास समितिबाट स्वीकृत लिनुपर्नेछ । स्वीकृतको प्रक्रिया पालिका खेलकुद समितिले तोके बमोजिम हुनेछ ।

२०) दर्ता र नवीकरण गर्नु भन्दा पहिले गाउँ खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धि ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

२१) गाउँपालिकामा दर्ता भई पालिका खेलकुद समितिवाट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरु पालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोगी माग गरे खण्डमा आयोजक समितिलाई पालिका खेलकुद विकास समितिले उलब्धि बजेट सिमा भित्र रही देहा अनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क) वडा व्यापी प्रतियोगिताको लागि ( वर्षमा १ पटक) बढिमा रु.५,०००।- देखि रु ५०,०००/- सम्म

ख) पालिका व्यापी प्रतियोगिताको लागि ( वर्षमा १ पटक ) रु.५०,०००।- देखि रु १००,०००/- सम्म

ग) जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक ) रु.१००,०००/- देखि रु १,५०,०००/- सम्म

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक ) रु. १,५०,०००।- देखि रु २००,०००/- सम्म

ङ) पालिकाको परिचय तथा कला, संस्कृतिमा विशेप योगदान पुयाउने गाउँपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

२२.गाउँ खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमह संचालन गर्न सक्नेछ :

क) पालिका क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

ख) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्रास गर्न सफल एक अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई त अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) पालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लाव संघसंस्थाका प्रतिनिधित्वको याली वा वैठक बोलाउन सक्नेछ !

ङ) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद -६

## कार्यक्रम संचालन तथा व्यवस्थापन

२२. गाउँ खेलकुद विकास समितिले गाउँपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ :

क) पालिका क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

ख) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) राष्ट्रिय तथा अन्र्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) पालिकाको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लाब, संघसंस्थाका प्रतिनिधिहरुको याली वा बैठक बोलाउन सक्नेछ ।

ङ) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

## परिच्छेद -७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२३) अन्तर पालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लाब, संघसंस्था वा विद्यालय, कलेजलाई सहभागी गराइनेछ ।

२४) खेलकुद समितिले निर्णय गरे बमोजिम पालिकाका क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र यातायातका लागि हुने खर्च उपलब्ध गराइनेछ । खान वस्नका लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्छ । पालिका भन्दा बाहिर खान वस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु. १०००/- भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु ५००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गारइनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी र प्रशिक्षकलाई बढीमा वार्षिक रु.३,०००।- सम्मको सुविध दिन सक्नेछ । तर खेलाडीले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनुपर्नेछ ।

२५) पालिका क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु.५००।- मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

२६) गाउँ खेलकुद विकास समितिले गाउँपालिकाको स्वीकृतीले पालिका क्षेत्रभित्र विभिन्न खेलकुद तथा
खेलाडीको लागि । पोशाकको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद -८

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२७) पालिका खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२८) प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धि वडाको सिफारिस सहित विकास समितिमा निर्धारीत फाराम बुझाई आवेदन दिनुपर्नेछ ।

२९) प्रशिक्षार्थीको फारम तथा अन्य शुल्क समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

३०) कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई पालिका खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

३१) कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ ।

३२) प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोग सामान सम्बन्धी व्यक्ति आफैले जुटाउनु पर्नेछ।

३३) प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुवाट खेलको प्रकृति र प्रशिक्षणको उपलबधताका आधारमा गाउँ खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ ।

३४ ) प्रशिक्षकले आवश्यक सामानको सूचि तया गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रयोगमा (प्रशिक्षण) : प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३५) प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३६) स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः सञ्चालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा गाउँ खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३७) कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा गाउँपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ ।

## परिच्छेद -९

## पालिका खेलकुद विकास कोषको व्यवस्था

३८) खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि गाउँपालिकामा पालिका खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

**३९) कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :**

क) उपबलिको नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति अन्तराष्ट्रिय संघ,संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख) गाउँपालिकाबाट प्राप्त रकम ।

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम ।

ङ) पालिकाभित्र टीम, क्लाबबाट आवेदन शुल्क, फारम शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क ।

च) समितिले प्राप्त गरेको पुरस्कार, ।

४०) यस कोषको संचालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ । कोषको लेखा पद्धती पालिकाको लेखा पद्धती सरहनै हुनेछ ।

४१) पालिका खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि वस्ने समितिको वैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च एक पटकमा रु.२५०००/- भन्दा बढी हुने छैन ।

४२) कोषको रकम खेलकुद गतिविधि सञ्चालनका अतिरिक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

४३) कोषको कूल आम्दानीको २०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलवभत्ता वा प्रशासनिक खर्च गर्न पाइनेछैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा पालिकाको स्वकृति लिनु पर्नेछ ।

## परिच्छेद - १०

## खेलकुद पूर्वाधार तथा मर्मत

४४) कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धीत प्रशिक्षक नै व्यवस्था गर्नु पर्नेछ ।

४५) विशेष तरिकाले मर्मत गर्न सम्वन्धी प्राविधिक कहाँ लानुपर्ने भएमा प्रशिक्षकको माग अनुसार पालिक ( अनुसार खेलकुदन समितिले कोषवाट मर्मत सम्भार गर्नेछ तर, रकम अपुग भई कोषवाट खर्च गर्न नसकि भएमा समितिले गाउँपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४६) खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न पालि खेलकुद समितिको निर्णयानुसार माग भई आएमा गाउँपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकत् सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद -११

## सजाय र पुरस्कार अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४७) अनुशासनको कारवाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनुपर्नेछ । कसैले अनुशासन आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावन दिन सक्नेछ तर एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक प्रशिक्षार्थी, एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिवस्थापकलाई / व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिले सिफारिसमा गाउँ खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ ।

४८) वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई पालिका खेलकुद समितिको सिफारीसमा गाउँ कार्यपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद- १२

## विविध

१. गाउँपालिकाले तोकिएवमोजिमको समितिको छुट्टै छाप लेटरप्याड र साइनबोर्ड हुनेछ ।

२. कर्मचारी तथा अन्य आवश्यकताका बारेमा गाउँपालिकासँग समन्वय गरी गर्नुपर्नेछ
।

३. गाउँपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।

४. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनुपरेमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम हुनेछ ।

५.स्वीकृत वजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र बैठक भत्ता सम्वन्धमा निम्न अनुसार हुनेछ ।

क) गाउँ खेलकुद विकास समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

ख) समितिका सदस्यहरुलाई बैठक वस्दा बैठक भत्ता वापत नियमानुसार कर कट्टा गरि प्रति व्यक्ति रु. १०००।- का दरले उपलब्ध गराइनेछ ।

ग) गाउँ खेलकुद विकास समिति संयोजकलाई टेलिफोन, पत्रपत्रिका, यातायात र विविध खर्च बापत प्रति महिना रु.५०००।-(पाचहजार) भत्ता उपलब्ध गारइनेछ । वडा स्तरीय खेलकुद विकास समिति अनुगम गर्न वा खेलकुद सम्बन्धी अन्य कार्यको लागि गाउँपालिका अध्यक्षको स्वीकृति

र अधिकृतस्तरको कर्मचारीले पाए सो सरह दैनिक भत्ता पाउने गरि अनुगमनमा खटाउन सकिने छ ।

## अनुसूची-१

(दफा १३ को उपदफा १ सँग सम्बन्धित)

मितिः

.............................................

.............................................

.................................................

................................................. ।

विषय : संस्ता दर्ता सम्बन्धमा ।

म/हामी तपशिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरु भेलाबाट गठित तदर्थ समितिले संस्थाको विदान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संल राखि विधान स्वीकृत र संस्था दर्ताका लागि आवेदन गरेको छु / छौं । नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध छ ।

संस्थाको कार्यालय रहने स्थानः ..........................................................................

तेमाल गाउँपालिका वडा नं. .......... टोलको नामः ..............................................

अध्यक्ष :

नम :

मिति :

सम्पर्क नं.

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :

क) संस्थाको विधान को मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग) संस्थाको छापको नमूना ।

अनुसूची- २

(दफा १४ को उपदफा १ संग सम्बन्धित)

मितिः

..............................................

..................................................

...................................................

.................................................. ।

संस्थाको नामः ...............................................

ठेगानाः ..................................................|

विषय : संस्ता दर्ता प्रमाण पत्र ।

दर्ता हुँदाको बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः ........................................

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम : ........................................................

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संख्या दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । तेमाल गाउँपालिकाको

खेलकुद समिति कार्यविधि र विद्यानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

तेमाल गाउँपालिका

**निर्णय नम्बर ४:** प्रस्ताव नं. ४ माथी छलफल गर्दा तामाङ समुदायको धार्मिक तथा साँस्कृतिक पर्व २८५९ औं तावर/ह्योई ल्हो (बिरालो वर्ग) को सोनाम ल्होछारको अवसरमा मिति २०७९।१०।८ गते देखि १० गते सम्म सार्वजानिक विदा दिने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नम्बर ५:** प्रस्ताव नं. ५ माथी छलफल गर्दा तेमाल गाउपालिकाबाट नमूना स्थानीय तह अध्ययन अवलोकन भ्रमण मिति २०७९।१०।०५ गते देखि २०७९।१०।०८ सम्म इलाम जिल्ला सुर्योदय नगरपालिका र रोङ गाउँपालिकामा जाने निर्णय सर्वसम्मत पारित गरियो ।

**विविध :**

क. विविध (क) माथी छलफल गर्दा ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

ज्येष्ठ नागरिक स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

पौष, २०७९

तेमाल गाउँपालिका पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक ।

## ज्येष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

प्रस्तावनाः स्थानिय तहको दोस्रो निर्वाचन पश्चात गाउँपालिका पदाधिकारी ज्यूहरुको पद वहालीको अवसरमा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य विमा गरि स्वास्थ्य उपचारमा हुने खर्च न्युनिकरण गर्न तथा स्वास्थ्य विमा कार्यक्रम मार्फत नियमित स्वास्थ्य जाँच गराई भविष्यमा हुन जान सक्ने स्वास्थ्य सम्बन्धी गम्भिरतावाट बचाउन आर्थिक वर्ष २०७९/८० को वजेट वक्तव्यको बुँदा नं ३३४ को ज्येष्ठ नागरिक स्वास्थ्य विमा सम्वन्धी व्यवस्थालाई कार्यन्वयन गर्न बीमकले जारी गर्ने ज्येष्ठ नागरिक स्वास्थ्य बीमालाई व्यवस्थित गर्नका लागि मापदण्ड तयार गर्न वाञ्छीय भएकोले यो मापदण्ड वनाइएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "ज्येष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड वि.सं. २०७९ साउन १ गतेबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> बिषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस मापदण्डमा,

(क) "बीमक" भन्नाले नेपाल सरकारले स्वास्थ्य बीमा गर्न तोकिएको बीमा संस्था सम्झनु पर्छ ।

(ख) "बीमालेख धारक" भन्नाले बीमालेख धारण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "बीमा शुल्क" बीमकले स्वास्थ्य बीमा गरेबापत बीमित संग लिने शुल्क सम्झनु पर्छ ।

(घ) "बीमित" भन्नाले ६० वर्ष पुरा भएको र सोही परिवारको अन्य ४ जना सम्मको बीमालेख लिने व्यक्तिहरु सम्झिनुपर्छ ।

## परिच्छेद-२

## <u>ज्येष्ठ नागरिक स्वास्थ्य बीमा जोखिमाङ्कन</u>

३. <u>प्रस्ताव फाराम प्राप्त गर्नुपर्नेः</u> (१) बीमकले बीमितद्वारा पूर्ण रुपमा भरिएको प्रस्ताव फाराम प्राप्त गरे पश्चात मात्र बीमालेख जारी गर्नुपर्नेछ ।

तर, पारिवारिक बीमालेख भएको खण्डमा बीमालेख धारकले भरेको प्रस्ताव फाराम अनुसार बीमालेख जारी गर्नुपर्नेछ ।

४. <u>एकल वा सामूहिक बीमा गर्न सकिनेः</u> (१) बीमकले ६० वर्ष उमेर पुगेको व्यक्ति र एकाघर परिवारका सदस्यहरुको सामूहिक बीमा गर्न सकिनेछ । बीमाका लागि आवश्यक आधारहरु अनुसुचि १ बमोजिम हुनेछ ।

५. <u>बीमालेख जारी गर्न आवश्यक कागजातः</u> (१) नागरिकताको फोटोकपी

(२) बीमकको जोखिमाङ्कन नीति अनुसार अन्य आवश्यक कागजात

६. <u>बीमालेख जारी गर्नुपर्नेः</u> बीमितबाट प्रस्ताव फाराम प्राप्त गरेपश्चात बीमकले उक्त प्रस्ताव फाराम परीक्षण गर्दा बीमा गर्न योग्य भएको खण्डमा बीमकले बीमालेख जारी गर्नुपर्नेछ ।

७. <u>बीमा शुल्कः</u> बीमालेख जारी गर्दा लाग्ने बीमा शुल्क नेपाल सरकारले तोके बमोजिम हुनेछ । यस सम्बन्धि अन्य प्रावधानहरु अनुसुची २ बमोजिम हुनेछ ।

८. <u>बीमालेख निस्क्रिय हुनेः</u> (१) बीमा अवधि भित्र विदेश गएमा बीमालेख निस्क्रिय हुनेछ ।

(२) बीमित विदेश जाँदा बीमकलाई जानकारी गराउनु पर्दछ ।

(३) बीमालेख धारक (घर मुली) को मृत्यु भएमा बीमालेख निस्क्रिय हुनेछ ।

९. <u>बीमाङ्क रकमः</u> नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

परिच्छेद-३

## विविध

१०. **विवरण पेश गर्नुपर्ने:** बीमकले आफूले गरेको स्वास्थ्य बीमाको विवरण तयार गरी प्रत्येक त्रैमासिकको २५ गते भित्र अनुसुची ३ अनुसार गा.पा.मा पेश गर्नुपर्दछ ।

११. **लेखापरीक्षण:** नियम अनुसार हुनेछ ।

१२. **व्याख्या गर्ने अधिकार:** यस मापदण्डको व्याख्या गर्ने अधिकार तेमाल गाँउ कार्यपालिकाको हुनेछ ।

## अनुसुची १

क) तेमाल गा.पा.को नागरिक हुनुपर्नेछ ।

ख) बीमा गर्दाको बखत ६० वर्ष उमेर पुगेको हुनुपर्नेछ ।

ग) परिवारमा एक जना ६० वर्ष पूरा गरेको व्यक्तिको स्वास्थ्य बीमा गर्दा परिवारको अन्य ४ जना सम्मलाई समावेश गरिनेछ ।

घ) ६० वर्ष पुगेका तेमाल गा.पा.का नागरिकको स्वास्थ्य बीमा गर्दा परिवारमा अर्को व्यक्तिको पनि ६० वर्ष उमेर पूरा भएको र ५ जनाको समूह भित्रै पर्ने भएमा १ जना बराबरको मात्र बीमा शुल्क भुक्तानी गरिनेछ । परिवारमा ५ जना भन्दा बढी भएमा सो वापतको लाग्ने शुल्क व्यक्ति स्वयंले व्यहोर्न पर्नेछ ।

## अनुसुची २

क) एक जना ६० वर्ष पूरा गरेको व्यक्तिको स्वास्थ्य बीमा वापत ५०% बीमा शुल्क तेमाल गा.पा बाट रु १७५०/- भुक्तानी गरिनेछ ।

ख) बीमा गरि सके पछि नागरिकताको प्रतिलिपि वा उमेर खुल्ने कागजातको प्रतिलिपि र नगदी रसिद पेश गरि तेमाल गा.पा.बाट भुक्तानी लिन सकिनेछ ।

ग) स्वास्थ्य बीमा गर्दा बीमा शुल्क बापतको रकम नेपाल सरकारबाट घटबढ भएमा सोही अनुसार समायोजन गरिनेछ ।

घ) प्रत्येक वर्षको ५०% बीमा शुल्क तेमाल गा.पा.बाटै भुक्तानी हुनेछ ।

ङ) स्वास्थ्य बीमा पश्चातको आवश्यक सम्पूर्ण प्रकृया नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

च) बीमा दर्ता सहयोगीको सेवा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ

## अनुसुची ३

### त्रैमासिक प्रतिवेदन फाराम

| क्र.सं. | घरमुलीको नाम थर | | जन्म मिति | ठेगाना | सम्पर्क नं | बीमा मिति | कै. |
|---|---|---|---|---|---|---|---|
| | | परिवारको अन्य सदस्यको नाम | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |